नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(सुशासन प्रवर्द्धन शाखा)

फोन :४२००५२८
:४२००४१४
फ्याक्स :४२००५२८

मा उपदफा (३) बमोजिम दिएको आदेश अनुसार कुनै व्यक्ति/संस्था वा निकायले त्यस्तो संरचना नहटाएमा वा नभत्काएमा गाउँपालिका तथा नगरपालिकाले त्यस्तो संरचना आफै हटाउन वा भत्काउन सक्नेछ र यसरी हटउन वा भत्काउन लागेको खर्च सम्वन्धित व्यक्ति/संस्था वा निकायबाट असुलउपर गर्ने छ, उपदफा ५ मा यो ऐन प्रारम्भ भएपछि उपदफा (१) बमोजिम एकपटक तोकिएको सडकको दायाँ बायाँ अधिकारक्षेत्र (राइट अफ वे) परिवर्तन गर्दा कसैको जग्गा वा सो जग्गामा बनेको संरचना त्यसरी परिवर्तन गरिएको अधिकारक्षेत्रभित्र पर्न गएमा त्यस्तो जग्गा प्राप्त गर्दा वा सो जग्गाभित्रको संरचना हटाउँदा वा भत्काउँदा क्षतिपूर्ति दिनुपर्नेछ । सोही ऐनको दफा ९७ को उपदफा १ को खण्ड (ग) मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको सडक वाटो लगायतका सम्पत्तिको संरक्षण गर्ने उल्लेख भएको ।

साथै सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ क को उपदफा १ मा सडकसीमा तोकीएकोमा सडकसीमाको र सडकसीमा नतोकिएकोमा सार्वजनिक सडकको किनारावाट ६/६ मिटरमा नवढ्ने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको फासलभित्र पर्खाल वाहेक अन्य कुनै किसिमको स्थायी वनौट (स्ट्रक्चर) वा भवन कसैले निर्माण गर्न नपाउने गरी निषेध गर्न सक्नेछ भनी व्यवस्था भएको, सोही ऐनको दफा १९ मा स्वीकृति नलिई सार्वजनिक सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुने भन्ने व्यवस्था रहेको छ ।

तसर्थ नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ एवं सार्वजनिक सडक ऐन, २०३१ मा उल्लेख भएको व्यवस्थालाई पूर्णरुपमा कार्यान्वयन गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव कार्यान्वयन गर्न/गराउन तपसिलका कार्यहरु निषेध गरि सडक अतिक्रमण रोक्न काठमाण्डौ महानगरपालिका लगायत सवै स्थानीय तहहरुलाई अनुरोध गरिन्छ ।

<u>तपसिल</u>

क) निर्माण सामाग्री सडकमा थुपारेको,
ख) सडक एवं सडकपेटीमा पसल गरी बसेको,
ग) वर्कसपले सवारीसाधन सडकमा धुने, मर्मत गर्ने तथा मोविल जथाभावि पोख्ने गरेको ,
घ) सडक छेउका पसलहरुले सडकपेटीमा समेत सामाग्री राखी बिक्रीवितरण गरेको,
ङ) सडक एवं सडकपेटीमा ढल खनी सडक अव्यवस्थित गरेको,
च) सडकपेटीमा भएका संरक्षित बोटबिरुवाहरुलाई क्षति पुऱ्याएको,
छ) सडक एवं सडकपेटीमा फोहोर फालेको वा थुपारेको,
ज) सडक संरचना विगारी वा अतिक्रमण गरि निर्माण गरेको,
झ) सडक एवं सडकपेटीको निषेधित क्षेत्रमा सवारीसाधन पार्किङ्ग गरेको,
ञ) सडक तथा सडकपेटीमा बसी मागीखाने वा विभिन्न किसिमका व्यापार व्यवसाय संचालन गरेको,
ट) मूल सडकबाट शाखा सडक खोली सडकलाई क्षति पुऱ्याएको,
ठ) सडकमा हेभी इक्विप्मेन्ट प्रयोग गरी सडक विगारेको,
ड) सडकमा जथाभावी घरको छत लगायत अन्य पानीको निकास गरेको,
ढ) सडकमा जथाभावी वस्तुभाउ छाड्ने वा बाँध्ने गरेको,

०७४/९/२०

e-mail :Mofaldmails@gmail.com